# पीडित मैत्री कक्षको अभिलेखिकरण सम्बन्धि कार्यदलको प्रतिवेदन

## २०७६

प्रतिवेदन प्रस्तुतकर्ताहरु

संयोजकः  उपन्यायाधिवक्ता श्री सुदिप दंगाल

सदस्यः शाखा अधिकृत श्री श्यामप्रसाद दहाल

सदस्यः  शाखा अधिकृत श्री लक्ष्मी भण्डारी

सदस्यः  शाखा अधिकृत श्री संगिता थोकर

सदस्यः  नायब सुब्बा श्री युरेश थपलिया

यस कार्यदल विभिन्न जिल्ला सरकारी वकीलहरूबाट संकलन गरेको सूचनाको आधारमा प्राप्त विवरणलाई तालिकाबद्ध रूपमा निम्नानुसार प्रस्तुत गरिएको छः

| -क्र सं | जिल्ला सरकारी वकील कार्यालय | पीडीत मैत्री कक्षमा रहेका सामानहरुको विवरण | एट्याच शौचालय भए/नभएको | पीडितले कक्ष प्रयोग गरेको अभिलेख भए/नभएको | प्रयोग गरेको भए कुन वर्षमा कति जनाले प्रयोग गरेको | पीडित मैत्री कक्ष स्थापना भएको आ व | पीडित मैत्री कक्ष स्थापना कुन सरकारी श्रोत UNDP/UNICEF /अन्य निकाय | पीडित मैत्री कक्षको हालको अवस्था कस्तो छ | स्थापना स्तरोन्नतिका लागि थप स्रोत उपलब्ध भए/नभएको | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | झापा | बिग्रेको T C L Color TV, ३२ इन्च इल इ डी टि भि, लो बेड, सोफा सेट, घुम्ने कुर्सी, कम्प्युटर टेबल,बिग्रिएको कम्प्युटर सेट, बिग्रिएको पंखा, कार्पेट, ह्यांगर, स्टिल दराज, ड्रेसिङ टेबल, म्याट्रेस, ब्ल्याङ्केट, तन्ना, झुल, सिरानी, डोर म्याट | नभएको | अभिलेख नभएको | नभएको | ०७१/०७२ | सरकारी श्रोत | सञ्चालनमा रहेको | भएको/ केहि सामान यस आ व मा थप गरिएको | |
| २ | ईलाम | लो बेड, टेलिभिजन(हाल चालु नरहेको), दराज, सोफा, फिल्टर, ऐना, कार्ईयो, टेबुल, तौलिया | नभएको | भएको | हालसम्म प्रयोग गरेको नदेखिएको | ०७३/०७४ | UNICEF | सामान्य | नभएको | केहि सामान नयाँ थप गर्नुपर्ने |
| ३ | पाँचथर | बेड, झुल, सोफा सेट, कुर्सी, टेबल, स्टिल दराज, डेस्कटप | नभएको | नभएको | अभिलेख नरहेको | ०७१/०७२ | सरकारी श्रोत | | नभएको | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कम्प्युटर, टेलिफोन सेट | | | | | | | | |
| ४ | ताप्लेजुङ | सोफा सेट, पलङ, टि भि, Water Formation | नभएको | नभएको | अभिलेख नभएको | ०७३/०७४ | UNDP | भवनको अभावमा खासै प्रभावकारी नभएको | नभएको | निर्माणाधीन भवनमा पीडित मैत्री कक्षको व्यवस्था भएको, एट्याच शौचालय भएको कोठामा राखिने |
| ५ | धनकुटा | ५ थान कुर्सी र १ थान टि टेबुल | नभएको | भएको तर अभिलेख नभएको | यस आ व मा १८ जनाले प्रयोग गरेको | ०७५/०७६ | आफैं | सामान्य | | |
| ६ | भोजपुर | पीडित मैत्री कक्ष हालसम्म यस कार्यालयमा नरहेको | | | | | | | | |
| ७ | तेह्रथुम | लो बेड, सिरक, डसना, घुम्ने कुर्सी, सोफा सेट, स्टिल दराज, LED टेलिभिजन, कार्पेट, टेबल पंखा भित्ते घडी फिल्टर | नभएको | प्रयोग भएको तर अभिलेख नभएको | | ०७३/०७४ | UNICEF | आफ्नो भवन नहुँदा सुविधाजनक छैन | नभएको | बालमैत्री सामाग्री आवश्यक भएको |
| ८ | संखुवासभा | फिल्टर, डेस्कटप | नभएको | नभएको | पीडितले | ०७३/० | नेपाल सरकार | सोफा | नभएको | कम्प्युटर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कम्प्युटर(बिग्रेको), ऐना, काईयो | | | प्रयोग गर्ने गरेको तर अभिलेख नराखिएको हुँदा अब देखि राखिने | ७४ | | आवश्यक भएको | | मर्मत गर्नु पर्ने |
| ९ | मोरङ | पलङ, कुर्सी, टेबुल, टी टेबुल, टि भि, डसना, सोफा | | | | | | | नभएको | भवन निर्माणाधीन हुँदा व्यवस्थित हुन नसकेको |
| १० | सुनसरी | पलङ, सिरक, डसना, सोफासेट, इन्टरनेट सहितको कम्प्युटर, टेलिफोन, टेलिभिजन, फिल्टर जडित खानेपानी, दराज, ऐना, झुल, काईयो, टावेल, पङ्खा, कार्पेट, पर्दा, भित्ते घडी, टेबल, कुर्सी | भएको | अभिलेख नभएको | हालसम्म १९ जना | ०७३/०७४ | UNDP | उत्तम | भएको | AC को आवश्यकता भएको |
| ११ | उदयपुर | टि भी ( हाल बिग्रिएको), दराज, सोफा, फिल्टर, ऐना, काईंयो, टेबुल, तौलिया | नभएको | रजिष्टर खडा गरिएको | प्रयोग गरिएको नदेखिएको | ०७३/०७४ | Unicef | सामान्य अवस्थामा रहेकको | नभएको | |
| १२ | खोटाङ्ग | पीडित मैत्री कक्ष नै नभएको | | | | | | | | |
| १३ | ओखलढुङ्गा | पीडित मैत्री कक्षको लागि | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पर्याप्त कोठा नभएको | | | | | | | | |
| १४ | सोलुखुम्बु | सोफा सेट, टि टेबुल, टि भि, खाट | नभएको | भएको | यस आ व मा २ जना | ०७२/०७३ | सरकारी | सामान्य | नभएको | |
| १५ | सप्तरी | wooden low bed, sofa set, utility/book rack, corner rack, tea table, bed mattress, bed sheet, pillow, cushion, blanket, dustbin, doormat, towel, children's toys and stationeries, TV set, ceiling fan, water purification machine | - | - | - | - | - | - | - | |
| १६ | सिराहा | सोफा सेट, पलङ, टि भि, पंखा | भएको | नभएको | | ०७१/०७२ | | सामान्य अवस्थामा रहेको | नभएको | |
| १७ | धनुषा | टि भि, कम्प्युटर, लो बेड, टेबल, घडी, दराज, सोफा सेट फ्रिज, पानीको जार, तातो चिसो हुने वाटर डिस्पेन्सर, कुर्सी, स्टैण्ड फयान, रुम हिटर, टेलिफोन सेट | नभएको | नभएको | | ०७१/०७२ | UNDP | कोठाको अभावमा व्यवस्थित हुन नसकेको | केही सामानहरु पछि थप गरिएको | |
| १८ | महोत्तरी | टि भि, खाट, सोफा सेट, पंखा, पानी फिल्टर, बेड सीट, दराज, टि टेबुल, ऐना, काईयो | नभएको | नभएको | हालसम्म कोही पीडितले प्रयोग | ०७१/०७२ | सरकारी श्रोत/UNDP/UNICEF/अन्य श्रोत | सामान्य रहेको | आ व ०७५/०७६ मा रु दुई लाख प्राप्त | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नगरेको | | | | | |
| १९ | सर्लाही | छुट्टै पीडित मैत्री कक्षको व्यवस्था नभएको | | | | | | | | |
| २० | बारा | कुर्सी, टेबुल, बेन्च | नभएको | नभएको | | | | सामान्य | नभएको | |
| २१ | पर्सा | लो बेड, बेड सेट, टेबुल, कुर्सी, टेलिभिजन, सोफासेट, कार्पेट, गलैंचा, दराज | नभएको | भएको | यस आ व मा ५३ जनाले | ०७२/०७३ | | पुनःसंरचना गर्नुपर्ने खालको | नभएको | सामानहरु थप गर्नुपर्ने आवश्यकता रहेको |
| २२ | रौतहट | टेलिभिजन, दराज, लो बेड, सोफा सेट, टेलिफोन सेट इत्यादी | नभएको | नभएको | | ०७१/०७२ | | बाढीले बिग्रेको, बाढीको पानीको कारण रंग उडी दागै दाग रहेको | नभएको | |
| २३ | मकवानपुर | सोफा सेट, टि भी, टेबल, लो बेड, कार्पेट, ब्ल्याङ्केट, ऐना, भित्ते घडी, ल्यापटप, कुर्सी, फिल्टर, तन्ना, तकिया, स्टिल दराज, म्याट्रेस | नभएको | भएको | ९३ जनाले यस आ व मा प्रयोग गरेको | ०७०/०७१ | USAID | कोठा अभावले व्यवस्थित नभएको | नभएको | केही सामान ठीक अवस्थामा नभएको |
| २४ | चितवन | पानी छान्ने फिल्टर, दराज, कम्प्युटर, कम्प्युटर टेबल, सिरक, डसना, सोफा र कार्पेट | नभएको | प्रयोगमा रहेको तर अभिलेख राख्ने नगरिएको | | ०७१/०७२ | म न्या का | कोठा अभावले समस्या भएको | भएको छैन | सामानहरु पुराना भएका तथा केही चालु अवस्थामा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नरहेका |
| २५ | रामेछाप | पलङ, सिरक, सिरानी, डसना, झुल, तन्ना, कुर्सी, सोफा सेट, स्टिल दराज, कम्प्युटर टेबल,कम्प्युटर सेट, टेलिभिजन, पर्दा, कार्पेट, ह्यांगर | नभएको | भएको | यस आ व मा ६ जनाले प्रयोग गरेको | ०७३/०७४ | | चालु अवस्थामा रहेको | | स्वच्छ खानेपानीकोलागि युरोगार्ड र २ थान कुर्सी आवश्यक रहेको |
| २६ | काठमाडौ | टि भि, लो बेड, दराज, ब्ल्याङ्केट, सिरानी, म्याट्रेस | नरहेको | अभिलेख नरहेको | | ०७३/०७४ | | प्रभावकारी हुन नसकेको | नभएको | स्तरोन्नति हुन आवश्यक |
| २७ | ललितपुर | टेलिभिजन सेट, सोफा, दराज, पलङ, सिरक, डसना, बेड कभर, तकिया, गलैंचा, वाटर डिस्पेन्सर सेट, कुर्सी, टेबल, कार्पेट, घडी, चकटी, फलामको कुर्सी र खेलौनाहरु | नभएको | भएको | हालसम्म जम्मा ५० जना | ०७१/०७२ | म न्या का | चालु रहेको | भएको/ आवश्यक सामाग्री खरिद गरिएको | एट्याच शौचालय निर्माण गर्नु पर्ने |
| २८ | भक्तपुर | बेड, बिस्तरा, टेबल, टि भि, कम्प्युटर, ऐना, दराज, सोफा सेट | नभएको | भएको | यस आ व देखि पीडित सँग परामर्श गर्ने गरिएको | ०७१/०७२ | | तयारी अवस्थामा रहेको | नभएको | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा संख्या २१ जना | | | | | |
| २९ | काभ्रेपलाञ्चोक | Laptop, Yasuda 24" LED TV, Stand fan, Heater, wall clock, Mirror, water filter, Almirah, sofa set, Revolving chair, Low bed with mattress | नभएको | नभएको | छुट्टै पीडित कक्ष नभएको | | The Asia Foundation | नभएको | नभएको | |
| ३० | सिन्धुपाल्चोक | लो बेड, सोफा सेट, टि टेबल, कम्प्युटर, सि सि क्यामेरा (कम्प्युटर र सि सि क्यामेरा भुकम्पमा परि बिग्रिएका) | नभएको | नभएको | २०७० सालमा ३ जनाले प्रयोग गरेको अन्य अभिलेख नरहेको | ०७०/०७१ | UNICEF | सामाग्री थप गर्नु पर्ने | नभएको | |
| ३१ | दोलखा | फर्निचर, बेड, ल्यापटप, टि भी बिग्रेको | नभएको | भएको | चालु आ व मा ११ जनाले प्रयोग गरेको | ०७२/०७३ | UNDP | राम्रो रहेको | नभएको | पीडित बकपत्रको लागि १ दिन भन्दा बढी बस्नु पर्ने अवस्थामा खाना खाजाको लागि बजेटको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | आवश्यकता रहेको |
| ३२ | धादिङ्ग | बेड सहितको पलङ, इन्टरनेट सहितको कम्प्युटर, टेलिभिजन, सोफासेट, डिस्पेन्सर, टी टेबल, ऐना, काईयो, तौलिया | नभएको | अभिलेख रहेको | हालसालै | ०७५/०७६ | अन्य निकाय | हाल कार्यालय प्रमुखको निवासको भुईंतलाको १ कोठामा प्रयोगमा रहेको | नभएको | |
| ३३ | नुवाकोट | पलङ, सोफा सेट, टि भि, टि टेबुल, पानीको जार, पंखा | नभएको | भएको | १९ जनाले प्रयोग गरेको | ०७५/०७६ | नेपाल सरकार | ठिकै रहेको | नभएको | केहि थप सामान आवश्यक परेको |
| ३४ | रसुवा | लो बेड, बिस्तरा, तन्ना, सिरानी, टेबल, सोफा सेट, कुर्सी टेलिभिजन | नभएको | भएको | हालसम्म १७ जना | ०७४/०७५ | | राम्रो अवस्थामा रहेको छ | नभएको | बालमैत्री सामान आवश्यक |
| ३५ | सिन्धुली | सोफा सेट, कम्प्युटर सेट, तयारी बेड, स्टयाण्ड पंखा, स्टील दराज, २० इन्चको टि भि, प्लाष्टक कुर्सी ५ थान | नभएको | भएको | प्रत्येक वर्ष सरदर ५० जनाले | ०७३/०७४ | UNDP | बेडको सामान फेर्नु पर्ने अबस्थाको अन्य ठीक छन् | भएको छैन | भाडाको भवनमा माथिल्लो तलामा कक्ष रहेको हुँदा प्रयोगमा कठिनाई छ |
| ३६ | कास्की | सिरक, सिरानी, डसना, बेड | नभएको | २०७५ | हालसम्म | ०७१/० | सरकारी | सामानहरु | स्रोत | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कभर, तौलिया, म्याट्रिस सहितको लो बेड, सोफा सेट, स्टिल दराज, टि टेबल, पानी जार सेट, गिलास, ऐना, काइयो, डस्टबिन, रुम हिटर, सेवा प्रयोग गर्ने पीडितको अभिलेख रजिष्टर | | मंसिरबाट अभिलेख राखिएको | ५० जनाले प्रयोग गरेको | ७२ | | प्रयोगमा रहेको तर स्रोत सामाग्रीहरु थप गर्नुपर्ने | उपलब्ध नभएको | |
| ३७ | तनहुँ | टि भि, कम्प्युटर, दराज, टेबल, लो बेड, ऐना, काइयो | नभएको | भएको | ०७३/०७४ देखि हालसम्म ४७ जनाले प्रयोग गरेको | ०७१/०७२ | UNDP | राम्रो | नभएको | |
| ३८ | लमजुङ | सामान कुनै नरहेको | नभएको | अभिलेख नभएको | अभिलेख नभएको | आ व ०७५/०७६ | नयाँ भवन निर्माण हुँदा स्थापना गरिएको | कोठा मात्र रहेको | थप स्रोत उपलब्ध नभएको | |
| ३९ | गोरखा | ब्ल्याङ्केट, सिरानी, बेड कभर, तौलिया, झुल, म्याट्रेस सहितको लो बेड, सोफा सेट, स्टील दराज, फिल्टर अक्वाफ्रेस, टेबुल पंखा, कम्प्युटर टेबुल, | नभएको | हालसम्म नभएको | हालसम्म प्रयोग नभएको | ०७१/०७२ | सरकारी | हाल भवन निर्माणाधीन भएकाले छुट्टै कक्ष नभएको | नभएको | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कम्प्युटर चेयर, UPS, टेलिभिजन, अभिलेख रजिष्टर | | | | | | | | |
| ४० | मनाङ्ग | सोफा सेट, दराज, टेबुल, कम्प्युटर, लो बेड, बिछ्यौना सेट, टि टेबुल, भित्ते घडी, ऐना, टावेल, टि भि, ऐना | नभएको | अभिलेख नराखिएको | अभिलेख नभएको | ०७१/०७२ | UNICEF | चालु अवस्थामा | नभएको | |
| ४१ | स्याङ्गजा | कम्प्युटर, टि भि, कुर्सी २, बेड सहितको पलङ | नभएको | अभिलेख नराखिएको | अभिलेख नराखिएको | ०७२/०७३ | सरकारी श्रोत | चालु अवस्थामा | नभएको | पीडित मैत्री कक्षमा पर्याप्त प्रकाश नभएको |
| ४२ | नवलपरासी पूर्व | पीडित मैत्री कक्ष स्थापना नभएको | | | | | | | | |
| ४३ | बाग्लुङ्ग | लो बेड, टि भि, कम्प्युटर सेट, युरोगार्ड, टावल, टेबुल, सोफासेट, दराज, सिलिङ्ग पंखा, टि टेबुल, टेबुल पंखा, ब्ल्याङ्केट, सिरानी, डसना, तन्ना | नभएको | भएको | हालसम्म अभिलेख नभएको | ०७१/०७२ | UNDP | प्रयोगमा रहेको | नभएको | |
| ४४ | म्याग्दी | लो बेड, एल सि डि टि भि, कम्प्युटर सेट, युरोगार्ड, टावल, टेबुल, सोफासेट, दराज, सिलिङ्ग पंखा, कम्प्युटर टेबल, भित्ते घडी | नभएको | भएको | हालसम्म ९० जनाले प्रयोग गरेको | ०७१/०७२ | UNDP | प्रयोगमा रहेको | नभएको | केही सामान नयाँ खरीद गर्नुपर्ने |
| ४५ | पर्वत | टि भि, कम्प्युटर सेट, युरोगार्ड, | नभएको | भएको | ०७४/० | ०७१/० | UNDP | राम्रो | छैन | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कम्प्युटर टेबुल सेट, दराज सेट, घुम्ने कुर्सी सेट, साधारण टेबल, भित्ते घडी, विस्तारा सेट | | | ७५ मा १० जनाले प्रयोग गरेको | ७२ | | | | |
| ४६ | मुस्ताङ्ग | कुर्सी २ टेबल विस्तरा सहितको खाट टि भि अपराध पीडितका अधिकार अंकित साइन पोष्ट कार्पेट | नभएको | नभएको | ०७३/०७४ | | | सामान्य | नभएको | |
| ४७ | नवलपरासी पश्चिम | कम्प्युटर सेट कम्प्युटर टेबल ४ फिटको दराज एस मोडलको कुर्सी लो बेड सोफा फिल्टर कार्पेट | नभएको | प्रयोग गर्ने गरेको तर अभिलेख नराखिएको | | ०७१/०७२ | म न्या का | सामान्य रहेको | नभएको | |
| ४८ | रुपन्देही | टेलिफोन सेट, सोफा सेट, लो बेड, टि भि, पंखा, दराज, कम्प्युटर(कार्यालय प्रयोजनमा नआएको) | नभएको | भएको | २०७५/०७६ मा २१ जनाले | ०७३/०७४ | UNDP | कोठा सानो भएकोले सामानहरु नअटाएको | भएको/ सोफा, लोबेड, बिस्तरा सेट, फिल्टर खरिद गरिएको | कोठा अभाव भएको र निर्माण गर्नुपर्ने जरुरी रहेको |
| ४९ | कपिलवस्तु | यस कार्यालयमा हाल पीडित मैत्री कक्षको लागि कुनै पनि सामानहरु नभएको | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | अर्घाखाँची | सोफासेट, लो बेड, कम्प्युटर, कम्प्युटर टेबल, काठको दराज, घुम्ने कुर्सी, पंखा, टि भि, कार्पेट, पर्दा | नभएको | रहेको | अघिल्लो आ व को अभिलेख नदेखिएको ,यस आ व मा १२ जनाले प्रयोग गरेको | ०७१/०७२ | UNICEF | हाल भाडाको घरको एउटा कोठामा संचालनमा रहेको | नभएको | |
| ५१ | गुल्मी | सोफा, दराज, ह्यङ्गर, टि भि, खाट, टि टेबुल, सिरक, डसना, कार्पेट, वाईफाई, कम्प्युटर, फोन, पर्दा | भएको | भएको | यस आ व मा १४ जनाले गरेको | २०७२ सालमा | म न्या का | राम्रो छ | | |
| ५२ | पाल्पा | सोफासेट, लो बेड तथा विस्तरा, कम्प्युटर, डोरम्याट, पंखा, टेलफोन, कुर्सी, दराज, ऐना, काइयो, टि भि, टावेल, पर्दा, पानी, भित्ते घडी | नभएको | भएको | | ०७१/०७२ | म न्या का र UNICEF को संझौता बमोजिम | ठीक छ | नभएको | एटयाच शौचालय, खेलौना तथा खानेकुरा आवश्यक रहेको |
| ५३ | दाङ्ग | पीडित मैत्री कक्ष नै स्थापना नभएको | | | | | | | | |
| ५४ | रुकुम पूर्व | स्थापना नभएको | | | | | | | | |
| ५५ | रोल्पा | स्टीलको दराज, खाट, पलङ, | नभएको | प्रयोग | हालसम्म | ०७२/० | UNDP | ठिक हालतमा | नभएको | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सोफासेट, म्याट्रेस, पंखा, कम्प्युटर सेट, रंगीन टि भि, ब्ल्याङ्केट, पानीको जार, तन्ना, सिरानी, डस्ना | | भएको | ३९ जना | ७३ | | रहेको | | |
| ५६ | प्युठान | कार्यालय भवन निर्माणाधीन रहेको, पीडित मैत्री कक्ष स्थापना नभएको | | | | | | | | |
| ५७ | बाँके | लो बेड विस्तरा दराज ऐना टेबुल टि भि पानीको लागि फिल्टर फ्रिज झुल पर्दा कुर्सी र पंखा | नभएको | भएको | २०७३ मा ४, ७४ मा ९, ७५ मा १२, ७६ मा २१ | ०७३/०७४ | UNDP | उत्तम | म न्या का र UNDP को सहयोगमा | |
| ५८ | बर्दिया | दराज, टि भि, बेड, खेलौनाहरु, लो बेड, सोफा, टेबुल, र्याक | नभएको | नभएको | नभएको | ०७१/०७२ | UNDP | ठिकै छ | छैन | |
| ५९ | सुर्खेत | लो बेड, सोफासेट, कर्नर र्याक, टि टेबल, म्याट्रेस, बेडसिट, सिरानी, कुसन, कार्पेट, फाइबर सिरक, डस्टवीन, डोरम्याट, पर्दा, टावल, सिलिङ पंखा, water purification filter, LG TV 22” LCD, bulb, Alphabet block, numerical block, | नभएको | भएको | हालसम्म २१७ जनाले प्रयोग गरेको | ०७२/०७३ | UNDP | राम्रो रहेको | २०७५ चैत्रमा रु एक लाख प्राप्त भएको र केही सामान खरीद गरिएको | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | geometrical block, different puzzles, balls different sizes, ring, dolls, story/fairy/comics, drawing paper, pencil and sharpener, drawing color pencil | | | | | | | | |
| ६० | दैलेख | टि भि, दराज, सोफा सेट, बेड, बालबालिकाका खेलौनाहरु, रुमाल, टेबल २, फिल्टर, सिरक, डसना, तन्ना, पर्दा | नभएको | भएको | हालसम्म २५ जना | ०७३/०७४ | UNDP ले सामान उपलब्ध गराएको | चालु अवस्थामा रहेको | नभएको | |
| ६१ | जाजरकोट | स्टील दराज, कम्प्युटर, सादा खाट, टेबुल, फलामको कुर्सी, सिरक, डसना, सिरानी, सोफा सेट, टि भि | नभएको | नभएको | | ०७३/०७४ | भाडाबाट संचालित रहेको | सन्तोषजनक नरहेको | नभएको | |
| ६२ | सल्यान | बेड, दराज, सोफा, कम्प्युटर, टि भि, टेबल फयान, वाटर प्युरिफायर, काईंयो, ऐना, मुभिङ चेयर | नभएको | भएको | हालसम्म ६६ जना | ०७३/०७४ | UNDP | ठीक छ | नभएको | |
| ६३ | रुकुम पश्चिम | टि भि, बक्स पलङ, टि टेबल, सोफा सेट, दराज | नभएको | नगरेको | छैन | ०७०/०७१ | UNDP र नेपाल सरकार | भाडाको घरमा रहेको राम्रै छ | छैन | |
| ६४ | जुम्ला | लोवेड, कुर्चि (फमवाला), टेवुल, भित्ते घडी, केवुलतार ५० मिटर (प्रयोगमा नआएको), ऐना, पर्दा कपडा ६ मिटर, कम्प्यूटर सेट (मर्मत | नभएको | भएको | यस आ व मा ६८ जना | ०७१/०७२ | UNICEF | ठीकै छ | भएको | कोठाको अभाव भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गर्नु पर्ने ), राउटर (बिग्रेको ), हिमस्टारको LED टिभि २२ इन्च (प्रयोग नभएको केवुल लाइन नभएकाले), डसना , तन्ना, प्लाष्टिक कुर्चि, ग्यास सेट (चुलो बिग्रेको तर सिलिन्डर रहेको), सोफा सेट, दराज | | | | | | | | |
| ६५ | कालिकोट | कार्यालय निर्माणाधीन रहेकोले यकिन विवरण उपलब्ध गराउन नसकेको | | | आ व ०७५/०७६ सम्म १६६ जनाले प्रयोग गरेको | ०७१/०७२ | | | छैन | |
| ६६ | डोल्पा | CG 22 IFD टेलिभिजन, रुम हिटर, टेलिफोन सेट, सोफा कुर्चि, सोफा बेञ्च ठुलो, काठको दराज, डिसहोम, तन्ना, तौलिया, ब्ल्याङ्केट, LCD कम्प्युटर, खाट, टेबुल | भएको | भएको | हालसम्म ८५ जनाले | २०७१/०८/०९ | UNICEF | राम्रो | नभएको | |
| ६७ | मुगु | सोफा सेट दराज लो बेड र टेलिभिजन | नभएको | नभएको | अभिलेख नरहेको | ०७१/०७२ | थाहा नभएको | हाल संचालनमा नरहेको | नभएको | |
| ६८ | हुम्ला | दराज, खाट लगायतका | | भएको तर | अनुमानित | ०७३/० | UNDP | कक्ष ठीक छ | नभएको | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अभिलेख नदेखिएको | २० जना | ७४ | | तर सामानहरुको आवश्यकता छ | | |
| ६९ | कैलाली | टेलिभिजन, लो बेड, पलङ, कम्प्युटर, सोफा सेट, टेबुल, बच्चाको खेलौना, हिटर | नभएको | नभएको | | २०७२ | UNDP | भवनको अभावका कारण नयाँ भवन निर्माण भइरहेको | यस आ व मा भएको | |
| ७० | डोटी | सोफा सेट, लो बेड, कुर्सी, टेबुल, दराज | नभएको | हालसम्म नभएको | छैन | ०७२/०७३ | UNICEF | सामाग्री पर्याप्त नभएको | नभएको | कार्यालय भाडामा रहेको |
| ७१ | अछाम | सिरक, डसना, बेड कभर, तौलिया, , स्टिल दराज, टेबल, लो बेड, कम्प्युटर, टि भि कार्ड, प्लाष्टिक कुर्सी ३ थान, मल्टी प्लग | नभएको | अभिलेख भएको | ०७१/०७२ सालमा २० जनाले | आ व २०७१ सालमा | | हालको अवस्था ठीक छ | थप स्रोत उपलब्ध नभएको | भएका सामान सबै बिग्रेका अवस्थामा |
| ७२ | बझाङ्ग | पुरानो सोफा, बिग्रिएको टि भि, पुरानो टेबल | नभएको | नभएको | | ०७०/०७१ | UNDP | कक्षमा हुनु पर्ने सामान पुर्ण रुपमा नभएको | नभएको | थप बजेटको आवश्यकता रहेको |
| ७३ | बाजुरा | बेड, बिस्तरा, दराज, कुर्सी, टेबल | नभएको | भएको | हाल सम्म प्रयोग नभएको | ०७१/०७२ | UNDP | सामान्य | नभएको | |
| ७४ | कञ्चनपुर | लो बेड, सोफा सेट, दराज, टि भि, पंखा, ह्यांगर, घडी, | नभएको | भएको | ०७५/०७६ मा | ०७१/०७२ | एशिया फाउण्डेसन | चालु | म न्या का बाट एक | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ब्ल्यांकेट, म्याट्रेस, टेबुल, कुर्सी, स्टुल | | | १६ जना | | | | लाख प्राप्त | |
| ७५ | डडेलधुरा | टि भि, पलङ्ग, विस्तरा, सिरक, कार्पेट, खानेपानी, मेसिन, दराज, आदि | नभएको | भएको | यकिन तथ्याङ्क नरहेको | २०७० साल | UNDP | भाडाको घरमा सानो कोठामा रहेको | नभएको | केही सामानहरु पुराना भएका र केही नयाँ थप गर्नुपर्ने |
| ७६ | बैतडी | दराज, सोफासेट, लो बेड, कम्प्युटर (मर्मत गर्नुपर्ने) , कुर्सी | नभएको | नभएको | प्रयोग नभएको | ०७२/०७३ | UNICEF | कार्यालय भाडामा हुँदा साँघुरो भएको | नभएको | स्तरोन्नति गर्नु पर्ने अवस्था रहेको |
| ७७ | दार्चुला | कार्पेट, पर्दा, दराज, लो बेड, टेबुल, कुर्सी, सोफा, फिल्टर, नेट सहितको कम्प्युटर, टेलिभिजन, ऐना, काईयो, टावेल, पंखा, भित्ते घडी, टेलिफोन | नभएको | भएको | प्रयोग नभएको | ०७१/०७२ | UNICEF | राम्रो | भएको | |

**विषय प्रवेश**

अपराध बिनाको समाज परिकल्पना भन्दा बाहिरको विषय हो। जहाँ मानव समाज रहन्छ त्यहाँ कुनै न कुनै किसिमको अपराध हुने गर्छ भन्ने कुरा अपराधशास्त्रीय विद्वानहरुले स्वीकार गरेका छन्। मानवीय गुणका कारण आदर्श समाजको परिकल्पना गर्न कठिन छ। यदि समाजमा अपराध घट्छ भन्ने मान्यता राख्ने हो भने अपराधबाट कोही न कोही कुनै न कुनै रुपले पीडित हुन्छ भन्ने कुरा स्वयं सिद्ध तथ्य हो। अपराध मुक्त हुन नसकेपनि समाजलाई न्यायिक समाजको रुपमा भने विकास गर्न सकिन्छ। समाजलाई न्यायपूर्ण बनाउनु भनेको अपराधको मात्रामा न्युनिकरण गर्न कसुरदारलाई सजाय तथा पीडितलाई क्षतिपूर्ति सहितको न्यायको अनुभूति दिलाउनु हो। कुनै पनि कानुनी राज्यले यस कुराको विचार गर्नु जरुरी हुन्छ।

नेपालको सन्दर्भ हेर्ने हो भने विभिन्न गम्भीर प्रकृतिका अपराधलाई अनुसूचीमा सूचीकृत गरी त्यस्ता मुद्दा नेपाल सरकार वादी हुने व्यवस्था गरी त्यस्ता मुद्दामा कार्यपालिका तर्फका अधिकारीहरुबाट अनुसन्धान गरी अदालतमा मुद्दा चल्दाका समयमा प्रतिनिधित्व गरिदिई क्षतिवाला व्यक्तिलाई मुद्दाको पैरवीमा सहुलियत हुन जाने अपेक्षा गरेर पहिलो पटक संवत् २०१७ सालमा सरकारी मुद्दा सम्बन्धी ऐन आएको थियो ।

हालको सन्दर्भमा सरकारी मुद्दा सम्बन्धी ऐन खारेज भएतापनि अन्य कानूनहरुद्वारा उक्त कानुनी मान्यतालाई हालसम्म पनि निरन्तरता दिइएको छ। यसबीचमा अपराध पीडितका लागि सम्बोधन गर्ने विभिन्न अन्तराष्ट्रिय घोषणा भए, छुट्टाछुट्टै महासन्धिले विभिन्न वर्गका समस्यालाई सम्बोधन गर्ने प्रयास गरे। कुनै पनि देशको फौजदारी न्यायप्रशासनको कुरा गर्दा अपराध पीडितको स्थान खोज्नुपर्छ,उसका पीडालाई सम्बोधन गर्नुपर्छ र यस सम्बन्धमा राज्यले गर्ने कामको केन्द्रमा कसूरदारलाई सजाय दिलाउने उद्देश्य मात्र नरही अपराध पीडितलाई दिनुपर्ने उपचार पनि हुनुपर्छ भन्न थालियो। यस प्रकारको अवधारणा सुरु भए सँगसँगै अपराध पीडितका विभिन्न अधिकार हुन्छन् भन्ने मान्यतालाई स्वीकार गरियो र त्यस्ता अधिकारको घोषणा गर्न थालियो ।

फौजदारी न्यायप्रशासनको मूल उद्देश्य कसूरदारलाई सजाय दिलाएर समाजमा शान्ति व्यस्था कायम राख्नु हो , कसूर नियन्त्रित समाजको स्थापना गर्नु हो भनी मान्ने हो भने पनि कसूरदारले कसूर गरेको हो भनी प्रमाणित गर्ने एउटा माध्यम अपराध पीडित स्वयं हो। राज्यले आफूले दिनुपर्ने सुरक्षा दिन असक्षम भएको कारणले गर्दा कसूरबाट पीडित हुन गएको व्यक्तिले राज्यले कसूरदारलाई सजाय दिने काममा असहयोग गर्दा थप पीडित हुनुपर्ने लगायत कसूरदारबाट थप असुरक्षित रहनुपर्ने अवस्था पर्न आउँछ। यसरी हेर्दा अपराध पीडित देशको फौजदारी

न्यायप्रशासनको असक्षमतालाई सक्षमतातिर लैजाने सिँढीको पहिलो खुड्किला हो जसमा टेकेर माथिल्लो खुड्किलोमा उक्लिइन्छ। अपराध पीडितको फौजदारी न्यायप्रशासनमा रहेको यस स्थानलाई स्वीकार गर्दै राज्यले अपराध पीडितबाट सहयोग लिनुका साथै अपराध पीडितलाई राज्यले सहयोग गर्ने कुरालाई व्यवहारमा उतार्न थालिएको हो ।

फौजदारी न्यायको खोजीमा रहेको पीडितले न्याय पाउनका लागि राज्यका विभिन्न निकायको सहयोग लिनुपर्ने हुन्छ। यदि अपराध पीडितले आफूमाथि परेको मर्काको जानकारी गराउने ठाँउको बारेमा जानकारी पाएन वा त्यस्तो निकायले उसलाई ठिक तरिकाले व्यवहार नगरेको अवस्थामा त्यस उपर उजुरी गर्ने निकायको बारेमा थाहा पाएन भने उसको मर्कालाई हेर्ने कामको सुरुवात नै हुन सक्दैन। यो प्रक्रिया सुरु नभएका अवस्थामा देशको फौजदारी कानूनले अपराध पीडितका हकमा व्यवस्था गरेका अधिकारको दाबी गर्ने वा अधिकार दिलाउने काम हुन सक्दैन। यसका लागि अपराध पीडितले फौजदारी न्यायप्रशासन सम्बन्धी कानूनले गरेका व्यवस्थाका बारेमा जानकारी पाउनुपर्ने हुन्छ। त्यस प्रक्रियामा संलग्न रहने सरकारी निकायले उनीहरुसंग गर्नुपर्ने व्यवहारका बारेमा जानकारी पाउनुपर्ने हुन्छ। साथै,अपराध पीडित भएको कारणले उनीहरुले व्यहोर्नु परेको नोक्सानी बापतको क्षतिपूर्ति पाउने कुराको बारेमा पनि जानकारी पाउनुपर्ने हुन्छ।[१]

**पीडितको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता** [२]

अपराध पीडितलाई विशेष रुपमा हेरिनुपर्छ भन्ने मान्यता पीडित अपराधशास्त्र मात्र नभई सम्पुर्ण फौजदारी न्याय प्रणालीको मान्यता हो। पीडितलाई अपराधको कारण परेको मर्का बाट राहत प्रदान गर्न तथा समाजमा पुर्ववत रुपमा स्थापित गराउनुपर्ने मान्यताका साथ विश्वभरका राज्यहरु सहमत भई केहि साझा नीति तथा मान्यताहरु विकास गरिएको छ।

**अन्तर्राष्ट्रिय जगतबाट स्वीकार गरिएका अपराध पीडितका अधिकार**

(क) **सन् १९८५ मा संयुक्त राष्ट्र संघबाट जारी गरिएको पीडितका लागि न्यायसम्बन्धि आधारभूत सिद्धान्तको घोषणापत्रले गरेका व्यवस्था**

यस घोषणापत्रका अनुसार निम्न अवस्थामा व्यक्तिलाई अपराधका पीडित मानिन्छ :

- अरु कसैले फौजदारी कानूनको उल्लङ्घन हुने गरी काम गरेको वा नगरेको कारणबाट व्यक्तिगत वा सामूहिक रुपमा हानि व्यहोर्ने व्यक्ति र त्यसरी व्यहोर्नु परेको हानि

[१]पीडितको अधिकार सम्बन्धी जानकारी पुस्तिका, महान्यायाधिवक्ताको कार्यालय, २०७०

[२]पीडितको अधिकार सम्बन्धी जानकारी पुस्तिका, महान्यायाधिवक्ताको कार्यालय, २०७०

शारिरिक वा मानसिक चोट,भावनात्मक पीडा ,आर्थिक क्षति वा मानव अधिकारको सारभूत क्षति समेत जस्तो हानि वा क्षति छ भने ।

- माथि उल्लेख गरिएका अवस्थामा पीडक (फौजदारी कानूनको उल्लङ्घन गर्ने व्यक्ति )नचिनिए पनि ,निज पक्राउ नपरे पनि,निज उपर अभियोग नलगाइए पनि वा निजलाई अदालतले कसूरदार ठहर नगरे पनि र पीडक तथा पीडकका बीचमा पारिवारिक सम्बन्ध रहे पनि पीडित पीडित नै मानिन्छ।
- उपयुक्तताको आधारमा प्रत्यक्ष पिडितका नजिकका परिवार वा निजमा आश्रितहरु र प्रत्यक्ष पीडितलाई त्यो समस्या परेको समयमा सहयोग गर्न हस्तक्षेप गर्ने अवस्थामा वा निजलाई पीडित हुनबाट बचाउने समयमा हानि व्यहोर्ने पनि पीडित अन्तरगत नै पर्छन्।

**यस घोषणापत्रले गरेको न्यायमा पहुँच र स्वच्छ व्यवहारका लागि पीडितको अधिकारसम्बन्धि व्यवस्था**

- यसै घोषणा पत्रका अनुसार पीडितले पीडितका हैसियतमा निम्म अनुसारको व्यवहार पाउने हक राख्छ।
- पीडितलाई सहानुभूतिका साथ र निजको आत्मगरौरवलाई सम्मान गर्दै व्यवहार गर्नुपर्ने
- पीडितले व्यहोर्नु भएको दु :खका लागि राष्ट्रिय कानूनले प्रदान गरेअनुसार न्यायको संयन्त्रसम्म पुग्ने र तत्काल उपचार पाउने हक
- आवश्यक हुँदाका अवस्थामा पीडितलाई औपचारिक वा अनौपचारिक प्रक्रियाको माध्यमबाट छरितो ,स्वच्छ,कम खर्चिलो र सुलभ उपचार सम्भव पार्नका लागि न्यायिक र प्रशासनिक संयन्त्र स्थापपित र सुदृढ गरिएको हुनुपर्छ।
- पीडितलाई त्यस्ता संयन्त्रको माध्यमबाट उपचारको खोजी गर्न पाउने अधिकारको व्यवस्था रहेको भन्ने जानकारी दिइनुपर्छ।
- पीडितका आवश्यकताप्रतिको न्यायिक र प्रशासनिक प्रक्रियाहरको उत्तरदायित्वलाई निम्न तरिकाले सहज पारिएको हुनुपर्छ।
- पीडितले माग गरेका अवस्थामा र खासगरी गम्भीर कसूरको संलग्नता रहेका अवस्थामा पीडितसंग सम्बद्ध मुद्दामा रहने पीडितको आफ्नो भुमिका र सीमा,त्यस मुद्दाको कारवाही प्रक्रियामा लागने समय र त्यस्को प्रगति ,तथा मुद्दाको छिनोफानोका बारेमा जानकारी दिएर

- पीडितका आफ्ना व्यक्तिगत हितमा असर परेका कुरामा,अभियुक्तप्रति पूर्वाग्रही नरही र सम्बन्धीत राष्ट्रीय फौजदारी न्याय प्रणालीसँग मेलखाने गरी,भैरहेको कारबाहीको उपयुक्त अवस्थामा आफ्नो दृष्टीकोण र सरोकार प्रस्तुत गर्न दिएर,
- सम्पूर्ण कानूनी प्रकृयाको अवधिभर पीडितलाई उचित सहायता उपलब्ध गराएर,
- पीडितका असुविधाहरु न्यूनीकरण गर्ने उपायहरु अपनाएर आवश्यकता अनुसार पी डितको गोपनियताको संरक्षण गरेर र पीडित लगायत निजका परिवार र निजको पक्षका साक्षीलाई धाकधम्की र प्रतिशोधबाट सुरक्षाका लागि सुनिश्चितता दिएर,\
- मुद्दाको फछ्र्यौट तथा पीडितका पक्षमा दिएका आदेश वा आज्ञप्तिको कार्यान्वयनमा अनावश्यक ढिलाइ हुनबाट रोकेर।

**प्रतिपूरण (हर्जाना) पीडितको अधिकार भनी यस घोषणापत्रले गरेको व्यवस्था**

- कसूरदारहरु वा तिनीहरुको व्यवहारका लागि उत्तरदायी तेस्रो पक्षहरुले पीडित ,पीडितका परिवारहरु वा आश्रीतहरुलाई उपयुक्त हर्जाना दिनुपर्छ।यस्ता हर्जानामा सम्पत्ति फिर्ता वा सहनु परेको हानि वा नोक्सानीका लागि भुक्तानी ,पीडित गराइएको परिणामस्वरुप भएको खर्च शोधभर्ना ,सेवाहरुको व्यवस्था र अधिकारको पुनर्स्थापना समेटिन्छन्।

**क्षतिपूर्ति पीडितको अधिकार भनी यस घोषणापत्रले गरेको व्यवस्था**

- कसूरदार (पीडक)वा अन्य स्रोतबाट क्षतिपूर्ति प्राप्त नहुने भए र पीडितको अवस्था निम्न रहे राज्यले आर्थिक क्षतिपूर्ति दिने प्रयास गर्नुपर्छः
- पीडित गम्भीर अपराधको परिणाम स्वरुप शरीरमा गम्भीर चोट वा शारिरिक वा मानसिक स्वास्थ्यमा क्षति व्यहोरिरहेको पीडित हो भने
- त्यसरी पीडामा परेको कारणले गर्दा मृत्यु भएका वा शारिरिक वा मानसिक रुपले असक्षम भएका व्यक्तिहरुको परिवार ,अझ खासमा निजमा आश्रित रहेको व्यक्ति हो भने

पीडितको क्षतिपूर्ति सम्बन्धि यो अधिकार संरक्षणका लागि राष्ट्रिय कोषको स्थापना,सुदृढिकरण र विस्तारलाई प्रोत्साहित गरिनु पर्ने व्यवस्था रहेको छ।

यस घोषणापत्रले गरेको पीडितको सहायता पाउने अधिकार सम्बन्त्री व्यवस्थाः

- पीडितका हैसियतमा निजले सरकारी ,स्वयंसेवी,सामुदायिक र स्थानिय माध्यमबाट भौतिक ,औषधोपचार सम्बन्धी,मनोवैज्ञानिक र सामाजिक सहायता पाउनैपर्ने हुन्छ।
- पीडितलाई स्वास्थ्य र सामाजिक सेवाहरु र अन्य सम्बन्धित सहयोगको उपलब्धता बारे सूचना दिइनु पर्छ र यी कुराहरु स्वेच्छापूर्वक सहज तरिकालेपाउने व्यवस्था हुनुपर्छ।
- प्रहरी,न्याय,स्वास्थ्य,सामाजिक सेवा र अन्य सम्बन्धित अधिकारीले पीडितका आवश्यकताप्रति उनीहरुलाई सजग पार्न तालिम प्राप्त गरेको हुनुपर्छ।
- पीडितलाई सेवाहरु र सहयोग उपलब्ध गराइँदा उनीहरुलाई पुगन सक्ने नोक्सानीको प्रकृतिको कारणले वा जाति ,वर्ण,लिङ्ग,उमेर,भाषा,धर्म,राष्ट्रियता,राजनीतिक वा अन्य विचार ,सांस्कृतिक विश्वास वा अभ्यास ,सम्पत्ति,जन्म वा पारिवारिक हैसियत,जातिय वा सामाजिक उत्पत्ति र असबलता जस्ता कुनै पनि भेदभाव बिना सबैका लागि लागू हुने कारणले विशेष आवश्यकता रहनेका लागि ध्यान दिइनु पर्छ।

**(ख) सन् १९९० को अभियोजनकर्ताको भूमिका सम्बन्धि मागदर्शनले गरेको व्यवस्था**

पीडितका लागि न्यायसम्बन्धि आधारभूत सिद्धान्तको घोषणा पत्रले न्यायको पहुँचमा सुधार र अपराध अपराध पीडितलाई स्वच्छ व्यवहार ,प्रतिपुरण,क्षतिपूर्ति र सहायताका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा उपाय अपनाउने सिफारिस गरेकोले ,

- कर्तव्य पालन गर्दा अभियोजनकर्ताले पीडितका व्यक्तिगत हितमा असर पर्ने कुनै कुरा भएमा त्यसमा उनीहरुको दृष्टिकोण र सरोकार उपर विचार पुऱ्याउनु पर्ने छ र उनीहरुको लागि न्यायसम्बन्धि आधारभूत सिद्धान्तको घोषणापत्र अनुसारका अधिकार बारे पीडितहरु सुसूचित रहेको कुरा निश्चित पार्नुपर्नेछ।
- अभियोजनकर्ताले अभियोजनमा छुट दिने ,सर्त सहित वा नि:सर्त कारबाही रोक्ने ,मुद्दालाई औपचारिक न्याय प्रणालीबाट दिशान्तर गर्दा पीडितका अधिकारको पूरापूरा सम्मान गर्ने कुरामा ध्यान पुऱ्याउनु पर्नेछ।

**(ग) सन् १९९० को कानून व्यवसायिको भूमिका सम्बन्धी आधारभूत सिद्धान्तले गरेका व्यवस्था**

पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्रले राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा अपराध पीडित उपरको स्वच्छ व्यवहार,प्रतिपुरण,क्षतिपूर्ति र सहायता तथा न्यायको पहुँचमा सुधार ल्याउन सिफारिस गरेकोले यसलाईध्यान दिनुपर्ने ।

**(घ)प्रहरी अधिकृतको तालिमका लागि संयुक्त राष्ट्रसंघको मार्ग निर्देशिकाले गरेका व्यवस्था:**

यस निर्देशिकाले पीडितका सम्बन्धमा निम्न आवश्यक सिद्धान्तलाई प्रहरी अधिकृतले पालना गर्नुपर्ने भनेको छ:

- पीडितलाई सहानुभूतिपूर्वक र आदरपूर्वक व्यवहार गर्नुपर्ने ,
- पीडितले न्याय र तत्काल उपचारको संयन्त्रको प्रयोग गर्न पाउनु पर्छ।
- उपचारको प्रक्रिया छिटोछरिटो ,स्वच्छ ,कम खर्चिलो र सहज प्राप्य हुनुपर्छ।
- पीडितलाई उपचार र संरढणको खोजी गर्न पाउने निजको अधिकार छ भन्ने जानकारी दिइनु पर्छ।
- पीडितलाई अदालतको कारबाहीका समयमा निजको भूमिकाका बारेमा ,त्यस कारबाहीमा निजको क्षेत्र ,समय र त्यसको प्रगतिका बारेमा एवं मुद्दाको फैसलाका समबन्धमा जानकारी दिइनु पर्छ।
- पीडीतका व्यउक्तिगत इच्छाहरु प्रभावित हुने विषयमा पीडितका आफ्ना विचार र भावना प्रस्तुत गर्न पीडितलाई अनुमति दिइनुपर्छ ।
- पीडितले कानूनी,सामाग्रीको ,उपचारको,मनोवैज्ञानिक र सामाजिक सबै प्रकारको सहयोग पाउनु पर्छ र त्यस्ता सहयोग उपलब्ध रहेको कुराको जानकारी पीडितलाई दिइनुपर्छ।
- पीडितका मुद्दालाई काबाही गर्रिंदा पीडितलाई पर्ने असहजतालाई कम गरिनु पर्छ।
- पीडितको गोपनियता र सुरक्षाको संरक्षण गरिनु पर्छ।
- पीडितका मुद्दाका कारबाहीहरुमा अनावश्यक विलम्ब हुनुहुदैन ।उपयुक्त अवस्था हुँदा अभियुक्तले पुनर्स्थापना क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ।
- अभियुक्तबाट पीडितलाई वित्तीय हर्जाना उपलब्ध गराइनु पर्छ र त्यो असम्भव भए राज्यले दिनुपर्छ।
- प्रहरी अधिकारीहरुलाई पीडितका आवश्यकता सम्बन्धमा तालिम दिइनुपर्छ र त्यो उपयुक्त र तत्काल सहयोगको सुनिश्चितता गर्न मार्ग निर्देशनसहित दिइनुपर्छ।

प्रहरीलाई आदेश गर्ने तथा सुपरिवेक्षण गर्ने अधिकारका लागि यस मार्ग निर्देशिकाले पीडितका सन्दर्भमा निम्न काम गर्ने जिम्मेवारी दिएको छ:

- सबै कर्मचारीलाई पीडितको सहयोग सम्बन्धी तालिम दिने ,
- स्वास्थ्य सम्बन्धी ,सामाजिक ,कानुनी तथा अन्य पीडित सहयोगी सस्था वा कार्यक्रमहरुसँग नजिकको सहयोग कार्यविधिको स्थापना गर्ने ,

- शीघ्र परिचालन गर्नका लागि महिला तथा पुरुष प्रहरी कर्मचारी ,चिकित्सक वा प्यारामेडिकल व्यवसायी ,सामाजिक कार्यकर्ता र सल्लाहकार सम्मिलित पीडित सहयोगी एकाइ गठन गर्ने ,
- पुनःपीडित हुन रोक्ने कुरालाई ध्यान दिँदै रोकथामको रणनीतिको विकास गर्न अपराध अभिलेखलाई मूल्याङ्कन गर्ने,
- उपचार र न्यायको खोजी गरिएको पीडितका मुद्दहरुको अनुगमन गर्न तथा कारवाही छिटोछरितो पार्न तोकिएको अधिकारीलाई जिम्मा लगाउने ।

**राष्ट्रिय मान्यताहरु**

**क) संबैधानिक मान्यता**

अपराध पीडितको सामाजिक पुनःस्थापनाको महत्वलाई ध्यानमा राख्दै नेपालको संबिधान २०७२ ले अपराध पीडितको हकलाई मौलिक हकको मान्यता दिँदै निम्न कुराहरु उल्लेख गरेको छः[३]

- अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ।
- अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।

**ख) कानूनी मान्यता**

फौजदारी न्यायिक प्रकृयाको अभिन्न अंगको रुपमा रहेको अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने र कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने व्यवस्था गरी अपराधबाट पीडितलाई पर्न गएको प्रतिकुल असर न्यून गर्न तथा कसूरको परिणाम स्वरुप व्यहोर्नु पर्ने क्षति बापत पीडितलाई क्षतिपूर्ति सहितको व्यवस्था गर्न[४]अपराध पीडित सम्बन्धी कानूनी व्यवस्था भएको छ। यस ऐनले फौजदारी न्यायिक प्रकृयामा रहेका पीडितका अधिकार र कर्तव्य[५]तथा क्षतिपूर्ति सहितको व्यवस्था गरेको छ।

[३]नेपालको संबिधान, धारा २१
[४]प्रस्तावनाः अपराध पीडित संरक्षण ऐन,२०७५
[५]ऐ.ऐन,परिच्छेद २

यसका साथसाथै मुलुकी फौजदारी संहिता २०७४ लगायतका विभिन्न अन्य विशेष ऐनहरुमा समेत पीडितका अधिकारसँग सम्बन्धित व्यवस्था गरेको पाइन्छ।

**पीडित मैत्री सेवा भनेको के हो ?**[६]

यो त्यस्तो सेवा हो जहाँ पीडितको आत्म सम्मान तथा अधिकारहरुको रक्षा गरिन्छ, पीडितको सशक्तिकरण गरिन्छ, र फौजदारी न्याय प्रशासनका सदस्यहरुको कमजोरिका कारण पुनः पीडित हुनु नपर्ने अवस्थाको सुनिश्चितता प्रदान गरिन्छ।

पीडित सशक्तिकरणका ४ आधारभुत तत्वहरु निम्न रहेका छन् :

- संवेगात्मक सहयोग
- व्यवहारिक सहयोग
- सूचना प्रदान गर्नु
- व्यवसायिक सहयोग सेवाका लागि सिफारिस

पीडितका निम्न अधिकारहरु हुन्छन् :

- निष्पक्षता, सम्मान र गोपनियताको अधिकार
- सूचना प्रदान गर्ने अधिकार
- सूचना प्राप्त गर्ने अधिकार
- सुरक्षाको अधिकार
- सहायता सम्बन्धी अधिकार
- राहतको अधिकार
- क्षतिपुर्तिको अधिकार

पीडित मैत्री सेवा सञ्चालन गर्ने विभिन्न तरीकाहरु हुन्छन् । ति तरीकाहरु मध्ये पीडित मैत्री कक्षको सञ्चालन गर्नु पनि एक हो । वास्तवमा अपराध पीडितलाई कानुनी सहायताको क्रममा निजहरुसँग बयान लिने लगायतका कार्यहरु गर्दा राज्य संयन्त्रको संसर्गमा ल्याउनु पर्ने हुन्छ। यस्तो अवस्थामा पीडितको मनोवैज्ञानिक अवस्था समेतलाई दृष्टिगत गर्दै निजहरुसँग विशेष प्रकारको व्यवहार गर्नुपर्ने र उनीहरुलाई राख्ने वातावरण पनि विशेष प्रकारको हुनु पर्ने हुँदा पीडितहरुलाई राख्नको लागि एउटा छुट्टै सुविधायुक्त कक्षको परिकल्पना गरिएको हो जसलाई

[६] Victim Empowerment Service in the South African Police Service: A Compiled Report, https://www.saps.gov.za/resource_center/women_children/amended_victim_empo_service.pdf

पीडित मैत्री कक्ष भनिन्छ। नेपालको सन्दर्भमा पीडितको वयान लिने लगायतका कार्य अभियोजनकर्ताको प्रत्यक्ष निगरानीमा गरिने भएकाले सरकारी वकील कार्यालयमा पीडित मैत्री कक्षको स्थापना गर्नु परेको हो।

पीडित मैत्री कक्षले पीडित (लैंगिक हिंसा पीडित, बाल यौन दुराचारका पीडित, यौन हिंसा पीडित तथा घरेलु हिंसा पीडित) लाई गोप्य तथा त्रास रहित वातावरणमा आफ्नो वयान दिन पाउने अवसर प्रदान गर्न सक्नुपर्छ। खासगरि पीडित मैत्री कक्ष स्थापना गर्नुको निम्न फाईदाहरु छनः

- पीडितलाई केही गोपनियता तथा सहजता प्रदान गर्नु
- सुरक्षित वातावरणको सृजना गर्नु जहाँ पीडितको वयान लिन कुनै कठिनाई नहोस्
- त्यस्तो स्थानको व्यवस्था गर्नु जहाँ अन्य सम्बन्धित सेवाहरु जस्तै पीडितलाई स्वयंसेवकहरुद्वारा आवश्यक सल्लाह तथा सूचना प्रदान गर्न सकियोस

<u>पीडित मैत्री कक्षले प्रभावकारिता प्राप्त गर्न निम्न पक्षहरु विद्यमान रहनु जरुरी हुन्छः</u>

- पर्याप्त सामाग्रीहरु भएको
- सफासुग्घर कक्ष
- प्रभावकारी संचालन
- दक्ष र तालिमप्राप्त संचालक

फौजदारी न्याय प्रशासनको अर्को महत्वपुर्ण पाटो भनेको पीडकले कसूरको मात्रा अनुसारको सजाय पाउनु पनि हो। सरकारी मुद्दा सफल हुँदा मात्र कसुरदारले सजाय पाउने हुन्छ । सरकारवादी मुद्दा सफल हुनका लागि मुद्दासँग संलग्न प्रमाणको उचित संरक्षण हुनु जरुरी छ । यसरी हेर्दा सरकारवादी मुद्दाको सबैभन्दा महत्वपुर्ण प्रमाण अपराध पीडित आफैं हो । यसको अर्थ पीडितको उचित संरक्षण गरी बाह्य प्रभावबाट जोगाउनु, पीडितलाई थप पीडित हुनबाट जोगाउनु तथा पीडितको वास्तविक वयान संकलन गर्नु मुलुकको फौजदारी न्याय प्रशासनसँग सम्बन्धी व्यक्ति तथा निकायको दायित्व एवं कर्तव्य हुन आउँछ । नेपालको फौजदारी न्याय प्रणालीमा पीडितको वयान लिने तथा अन्य कार्यको लागि पीडित जिल्ला सरकारी वकील कार्यालयमा जानुपर्ने हुन्छ । यस्तो अवस्थामा पीडितको मनोवैज्ञानिक अवस्था समेतलाई ध्यानमा राख्दै जिल्ला सरकारी वकील कार्यालयहरुमा एउटा पीडित मैत्री कक्षको परिकल्पना गरिएको हो । पीडित मैत्री कक्ष संचालनका लागि दक्ष तथा तालिम प्राप्त जनशक्ति नभएता पनि पीडित मैत्री कक्षलाई केही सामानहरु सहितको छुट्टै एउटा कोठा भए पनि व्यवस्था गर्ने गरि प्रयास थालिएको छ । आ. व. २०७०/०७१ देखि नेपालका सरकारी वकील कार्यालय हरुमा पीडित मैत्री कक्षको नाममा कक्षहरु व्यवस्थित हुन थालेको पाईन्छ ।

पीडितको अधिकार संरक्षण तथा सरकारवादी मुद्दाको सफलता दर बढाउन हाल महान्यायाधिवक्ताको कार्यालयमा कार्यान्वयनमा रहेको दोश्रो पञ्चवर्षिय रणनीतिक योजनाले पीडित मैत्री वातावरण निर्माण गर्नुपर्ने विषय उल्लेख गर्दै निम्न कुरामा जोड दिएको पाईन्छः

- सरकारी वकीलसँग पीडितको सहज पहुँच, संरक्षण, सरकारी साक्षी उपस्थित गराउनका लागि योजना निर्माण गर्नुपर्ने।
- सरकारी वकील कार्यालयको भौतिक अवस्थाका कारण पीडित र शंकितको अधिकार प्रभावित भएकाले सुधार गर्नु पर्ने।
- पीडितलाई राज्यले प्रदान गर्ने सहुलियत र राहतका सम्बन्धमा योजनाले संबोधन गर्नु पर्दछ।

रणनीतिक योजनाले न्यायमा पहुँच अभिवृद्धि गर्न पीडित र साक्षीको संरक्षण गर्ने रणनीतिहरु कार्यान्वयनकालागि निम्न कार्य योजनाहरु प्रस्तुत गरेको छः

- पीडित मैत्री व्यवहार र साक्षी संरक्षणको विषय प्रशिक्षणको पाठ्यक्रममा समावेश गर्ने।
- योजना अवधिभरमा सरकारी वकील र सहायक कर्मचारीलाई पीडित मैत्री व्यवहार र साक्षी संरक्षण सम्बन्धी प्रशिक्षण दिने।
- जिल्ला सरकारी वकील कार्यालयहरुमा छुट्टै पीडित मैत्री कक्षको व्यवस्था गर्ने।
- पीडितका अधिकारहरु उल्लेख गरी साइनपोष्टहरु तयार गरी राख्ने र जानकारी दिने।
- अनुसन्धानको चरणदेखि नै पीडीतलाई मुद्दाको काम कारबाहीको बारेमा जानकारी दिने कार्यविधि तयार गर्ने।
- सरकार वादी मुद्दाको फैसला तथा आदेश कार्यान्वयनमा पीडितलाई सहयोग गर्ने।
- पीडितको पुनर्स्थापना र सामाजिकीकरणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने।
- पीडित/साक्षी संरक्षण सम्बन्धी दिग्दर्शन लागू गर्ने।
- पीडित र साक्षीहरुको परिचयात्मक विवरण अद्यावधिक गर्ने फाराम तयार गरी अभिलेख व्यवस्थित गर्ने।
- सरकारी साक्षीलाई दिइने दैनिक भ्रमण भत्ता सम्बन्धी निर्देशिका तयार गर्ने। महिला, दलित, ज्येष्ठ नागरिक, बालबालिका,अपाङ्गता भएका व्यक्तिहरु संलग्न भएका मुद्दामा संवेदनशील भई विशेष व्यवहार गर्ने।

- पीडित साक्षी राहत कोष स्थापनामा पहल गर्ने।[७]

पीडित मैत्री कक्षको निर्माणको कार्यान्वयन स्थिति हेर्दा आर्थिक वर्ष ०७०/०७१ मा UNICEF नेपालको आर्थिक सहयोगमा जिल्ला सरकारी वकील कार्यालयहरु झापा, मोरङ्ग, दोलखा, धनुषा, रौतहट, पर्सा, कास्की, तनहुँ, म्याग्दी, पर्वत, अर्घाखाँची, रुपन्देही, बाजुरा, बझाङ्ग, डोल्पा, हुम्ला, अछाम, कालिकोट, मुगु, जुम्ला गरी २० जिल्लामा पीडित मैत्री कक्ष निर्माण भएका छन् भने Asia Foundation को आर्थिक सहयोगमा मकवानपुर, काभ्रेपलाञ्चोक, बाँके, कञ्चनपुर ४ जिल्ला सरकारी वकील कार्यालयहरुमा पीडित मैत्री कक्ष निर्माण भएका छन्। यसैगरि आर्थिक बर्ष ०७१/०७२ मा UNICEF नेपालको आर्थिक सहयोगमा पाँचथर, इलाम, बाग्लुङ्ग, बैतडी, चितवन, सर्लाही, महोत्तरी, डोटी, सोलुखुम्बु, उदयपुर, दाङ्ग, दार्चुला, ललितपुर, भक्तपुर, गोर्खा, स्याङ्गजा, पाल्पा, नवलपरासी, सिराहा र रोल्पा गरी २० जिल्ला सरकारी वकील कार्यालयहरुमा पीडित मैत्री कक्ष निर्माण भएको छ। आर्थिक वर्ष ०७२/०७३ मा UNICEF नेपालको आर्थिक सहयोगमा तेह्रथुम, संखुवासभा, सुनसरी, सिन्धुली, रामेछाप, काठमाडौं, धादिङ्ग, मुस्ताङ्ग, रसुवा, मनाङ्ग, लमजुङ्ग, गुल्मी सल्यान, जाजरकोट गरी १४ जिल्ला सरकारी वकील कार्यालयहरुमा पीडित मैत्री कक्षको निर्माण भएको छ।[८]

पीडित मैत्री कक्षमा सामानहरु व्यवस्थापन गर्दा सबै प्रकारका पीडितहरुको आवश्यकता सम्बोधन हुने खालको हुनु पर्दछ। साधन स्रोतको उपलब्धताका आधारमा निम्न बिबरण उपयुक्त हुन सक्दछः[९]

- फर्निचर तथा सामाग्रीहरु
    - संचालकका लागि टेबुल र कुर्सी
    - पीडितहरुका लागि २ वटा कुर्सी
    - एक सेट सोफा वा सिंगल स्लिपर काउच
    - फाइलिङ क्याबिनेट
    - ताल्चा सहितको दराज
    - ह्वाइट बोर्ड वा पिन बोर्ड

---

[७] महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षिय रणनीतिक योजना (२०७३/०७४-२०७७/०७८), महान्यायाधिबक्ताको कार्यालय, २०७४

[८] महान्यायाधिबक्ताको कार्यालयको वार्षिक प्रतिवेदन, २०७४/०७५

[९] https://www.saps.gov.za/resource_center/women_children/amended_victim_empo_service.pdf (Victim Empowerment Service in the South African Police Service: A Compiled Report)

- स्टेशनरी
- डस्टबीन
- टी टेबुल
- सरसफाईका सामानहरु ( कुचो, साबुन आदी)
- ग्रील सहितका झ्यालढोका
- पीडितका विवरण राख्न रजिष्टर
- प्राथमिक उपचार किट
- आगो निभाउने उपकरण

➢ अन्य उपकरणहरु

- टेलिभिजन सेट र स्टयाण्ड
- डि भि डि प्लेयर
- केटली
- खाना खाने प्लेट र चम्चा सेट ( कम्तिमा ८ सेट)
- सिरक वा ब्ल्याङ्केट
- खोल सहितको सिरानी
- क्लिप पोष्टर फ्रेम
- संचार सामाग्रीहरु सहितको सूचना स्टयाण्ड
- एयर कन्डिसनर वा पंखा र हिटर
- बालबालिकाका लागि खेलौना
- बाथरुम सुविधा तर फरेन्सिक प्रमाण नष्ट हुने सम्बन्धमा चनाखो रहनु पर्ने
- सामाग्री वा सहयोगको रेकर्ड राख्न रजिष्टर
- पीडित मैत्री कक्ष प्रहरी स्टेसन वा होहल्लाबाट टाढा रहनु पर्छ
- पीडित मैत्री कक्ष अन्य प्रयोजनका लागि प्रयोग गरिनु हुन्न
- पीडित मैत्री कक्षमा शान्ति मैत्री रंगरोगन गरिनु पर्छ
- पीडित मैत्री कक्षमा विशेष व्यवस्था नगरी रात्री बिश्राम कक्षको रुपमा प्रयोग गरिनु हुन्न
- पीडित मैत्री कक्षमा सहयोगको अलावा अन्य प्रयोजनको लागि गैरसरकारी संस्थाहरुलाई निषेध गरिनु पर्दछ ।

**कार्यादलको गठन र कार्यदिश**

जिल्ला सरकारी वकील कार्यालयहरुमा रहेका पीडित मैत्री कक्षको अवस्था र गर्नुपर्ने सुधारका लागि पीडित मैत्री कक्षको विवरण अद्यावधिक गरी एकीकृत प्रतिवेदन तयार गर्न भनी

महान्यायाधिवक्ताको कार्यालयको मिति २०७६/०१/२३ को निर्णय बमोजिम निम्न कार्यादेश सहितको पीडित मैत्री कक्षको अभिलेखिकरण कार्यदल गठन भई कार्य प्रारम्भ भएको हो।

कार्यदल

संयोजकः उपन्यायाधिवक्ता श्री सुदिप दंगाल

सदस्यः शाखा अधिकृत श्री श्याम प्रसाद दहाल

सदस्यः शाखा अधिकृत श्री लक्ष्मी भण्डारी

सदस्यः शाखा अधिकृत श्री संगिता थोकर

सदस्यः नायब सुब्बा श्री युरेश थपलिया

कार्यादेश

१. सबै जिल्ला सरकारी वकील कार्यालयहरुको पीडित मैत्री कक्षको विवरण निर्धारित ढाँचामा संकलन गर्ने।
२. पीडित मैत्री कक्षको प्रयोगको अवस्थाका बारेमा सम्बन्धित सरकारी वकील कार्यालयबाट सुझाव संकलन गर्ने।
३. प्राप्त सुझावका आधारमा सरोकारवाला निकाय तथा सरकारी वकीलसँग छलफल गरी प्रतिकृया र सुझाव संकलन गर्ने।
४. संकलित वितरणका आधारमा प्रतिवेदन तयार गरी २ महिना भित्र (असार मसान्त, २०७६) सम्म प्रतिवेदन पेश गर्ने।

उल्लिखित कार्यादेश प्राप्त भएपश्चात कार्यदलको बैठक बसी कार्यदलका सदस्यहरुका बीचमा कार्य विभाजन गरियो र ७७ वटै जिल्ला सरकारी वकील कार्यालयमा रहेका पीडित मैत्री कक्षको अवस्था, तिनीहरुमा भएका सामानहरुको विवरण तथा पीडित मैत्री कक्षको प्रयोगको सम्बन्धमा आधारित रही प्रश्नावली सहितको फाराम इमेल मार्फत सबै जिल्ला सरकारी वकील कार्यालयहरुमा पठाइयो र इमेल मार्फत नै सूचना संकलन गरियो । तथापि प्राविधिक समस्याका कारण इमेल प्राप्त हुन नसकेका अवस्थामा फोन सम्पर्कबाट समेत जानकारी संकलन गरी कार्य सम्पन्न गरियो।

**अध्ययनका क्रममा प्राप्त सुझावहरु**

पीडित मैत्री कक्षलाई थप व्यवस्थित बनाउनका लागि सुझावहरु( जिल्ला सरकारी वकील कार्यालयहरुबाट प्राप्त)

१. स्वच्छ चिसो/तातो पिउने पानीका लागि वाटर डिस्पेन्सरको व्यवस्था गर्ने।
२. Tea bag/Coffee bag/कप/प्लेट/ राख्न उपयुक्त हुने ।
३. पीडित मैत्री कक्षमा पीडितका लागि फलफुल, Cold ड्रिक्स सहितको फ्रिजको व्यवस्था गर्ने।
४. सेनिटरी प्याड, आवश्यक औषधी सहितको प्राथमिक उपचार बाकसको व्यवस्था गर्ने ।
५. पीडितका बच्चाहरु खेल्ने सामाग्रीहरुको व्यवस्था गर्ने ।
६. पीडितले प्रयोग गर्न सक्ने गरी टेलिफोन, टेलिभिजन तथा इन्टरनेटको व्यवस्था गर्ने ।
७. पीडितलाई सहजताका लागि एट्याच शौचालयको व्यवस्था गर्ने ।
८. पीडितका सामान पीडितको मात्रै हुन भन्ने पहिचान दिलाउनका लागि सिरकको खोल, सिरानीको खोल, तन्ना,तौलियाको रंग सबै सरकारी वकील कार्यालयहरुमा एउटै हुने गरी व्यवस्था गर्ने।
९. पीडित मैत्री कक्ष व्यवस्थापनको लागि महिला कर्मचारीलाई जिम्मेवारी तोक्ने र कार्यालय समयमा मात्र खुला राख्ने व्यवस्था गर्ने ।

**अध्ययन कार्यदलको निष्कर्ष तथा सुझावहरु**

नेपालको सन्दर्भमा पीडित मैत्री कक्षका सम्बन्धमा कुन दर्शन वा सिद्धान्तका आधारमा, कुन कानून वा नीतिका आधारमा पीडित मैत्री कक्षको स्थापना भएको हो भन्ने स्पष्ट नभएतापनि आर्थिक वर्ष २०७०/२०७१ देखि पीडित मैत्री कक्षको स्थापना गर्न शुरु गरिएको देखिन्छ।हालको अवस्था हेर्दा लगभग धेरै जिल्ला सरकारी वकील कार्यालयहरुमा पीडित मैत्री कक्षको स्थापना भएको र ति मध्ये कुनै कुनै कार्यालयहरुले यसको उद्देश्य अनुसार नै पीडित मैत्री कक्षको प्रयोग गरेको समेत पाइयो।तथापी धेरै कार्यालयहरुले भने स्थापना भएपश्चात पनि पीडित मैत्री कक्षको उद्देश्य अनुरुप प्रयोगमा उदासीनता देखाएको देखिन्छ।सेवाग्राहीलाई पीडित मैत्री कक्षको बारेमा जानकारी नहुनु, कार्यालयमा दक्ष तथा पर्याप्त जनशक्ति नहुनु जस्ता कारणले पनि पीडित मैत्री कक्षको प्रयोग अपेक्षा गरे अनुरुप हुन नसकेको हुनसक्छ। पीडित मैत्री कक्षको विकासको शुरुवाति चरणमा रहेका कारणले पनि खासै मात्रामा यसको प्रयोग गर्न नसकेको यथार्थ हाम्रो सामु छ। सामाग्रीहरुको हिसाबले पनि सबै कार्यालयहरुमा पर्याप्त मात्रामा आवश्यक व्यवस्था गर्न नसकिएको पनि वास्तविकता हो। अर्को पाटोबाट हेर्ने हो भने भएका सामाग्रीहरुको उचित संरक्षण नहुनु चाहीँ समस्याको रुपमा रहेको छ।

यस अध्ययन कार्यदलले संकलन गरेको सूचनाहरुको आधारमा निम्न सुझावहरु प्रस्तुत गर्दछ:

- पीडित मैत्री कक्षको अवधारणा तथा पीडितका अधिकारका सन्दर्भमा व्यापक जनचेतना जगाउनु पर्ने देखिन्छ। यसकालागि जनतामा सरकारी वकील कार्यक्रमलाई प्रभावकारी रुपमा लक्ष्य केन्द्रित बनाई लागू गर्न सकिन्छ।
- कार्यालयमा प्राप्त सामाग्रीहरुको उचित संरक्षण नभएको देखिएकाले कार्यालय प्रमुखलाई उत्तरदायी बनाई एक कार्यालय प्रमुखबाट अर्कोमा हस्तान्तरण हुने बेलामा सामानहरुको अद्यावधिक प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पठाउने व्यवस्था गर्न जरुरी छ।
- पीडित मैत्री कक्षको प्रयोगका सन्दर्भमा हाल मौजुदा जनशक्तिहरुलाई नै तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ।
- स्थान अनुसार सामाग्रीहरुको आवश्यकता फरक फरक हुन सक्ने हुँदा विभिन्न देशका व्यवस्थाहरुको तुलनात्मक अध्ययन गरी नेपालको सन्दर्भमा पनि सामाग्रीहरुको स्टयाण्डर्ड निर्धारण गर्नुपर्ने आवश्यकता छ।
- पीडित मैत्री कक्षको प्रयोगलाई नियमित र व्यवस्था गर्न महान्यायाधिवक्ताको कार्यालयमा छुट्टै इकाई स्थापना गरी जिल्लाहरुबाट नियमित अभिलेख झिकाई अभिलेखिकरण गर्ने र समय समयमा सार्वजनिक प्रतिकृया लिने कार्य गर्नुपर्छ।